# नेपाली कांग्रेस
## 'विधान कार्यान्वयन र पार्टीको सुदृढीकरणका सन्दर्भमा'
## महामन्त्रीद्वारा केन्द्रीय कार्यसमितिको बैठकमा प्रस्तुत सांगठनिक कार्यतालिका

२०८० साउन २

**क. पार्टी संगठन संरचनाका सन्दर्भमा**

| क्र.सं. | विषय | विधानको व्यवस्था | हालको अवस्था | कार्यतालिका |
|---|---|---|---|---|
| १. | **केन्द्रीय कार्यसमिति वैठक** | **विधानको धारा २१(१२)**<br>केन्द्रीय कार्यसमितिको वैठक प्रत्येक दुई महिनामा कम्तिमा एक पटक बस्नेछ ।<br><br>**विधानको धारा २५(१४)**<br>**सभापतिको काम, कर्तव्य, अधिकार**<br>"धारा २१(१२) बमोजिमको केन्द्रीय कार्यसमिति र धारा २३(५) बमोजिम केन्द्रीय कार्यसम्पादन समितिको बैठक बोलाउने"। | नियमित वैठक वस्न सकेको छैन। | • केन्द्रीय कार्य समितिको वैठक प्रत्येक दुई महिनामा दोस्रो महिनाको पहिलो हप्ता बस्नेछ ।<br>*(साउन, असोज, मंसिर, माघ, चैत र जेठको पहिलो हप्ता)*<br>• वर्षमा न्युनतम दुई वैठक काठमाडौं उपत्यका वाहिर बस्नेछ । |
| २. | **केन्द्रीय विभागको गठन** | **विधानको धारा ३७(१)**<br>केन्द्रीय कार्यसमिति सदस्य प्रमुख रहेको विभागहरूको गठन हुनेछ ।<br><br>**धारा ६०**<br>विभाग महाधिवेशन सम्पन्न भएको ६ | हालसम्म सूचना, संचार तथा प्रचार विभाग बाहेक कुनै पनि विभाग गठन हुन सकेको छैन। | • भदौ १५ गतेसम्म सवै विभागको गठन र पूर्णता दिइसक्ने ।<br>• प्रत्येक विभागले आफ्नो कार्यक्षेत्र अन्तर्गत कार्यक्रमहरू वनाई कार्यतालिका सहितको वार्षिक योजना भदौ मसान्तभित्र केन्द्रीय |

| | | | | |
|---|---|---|---|---|
| | | महिनाभित्र गठन गरिसक्नु पर्ने छ।<br><br>**धारा २५(९) सभापतिको काम, कर्तव्य र अधिकार**<br>"केन्द्रीय विभाग एवं अन्य केन्द्रीय निकायका प्रमुख, उपप्रमुख, सचिव र सदस्यको नियुक्ति, मनोनयन वा हेरफेर गर्ने"। | | कार्यसमितिमा पेश गर्नुपर्नेछ।<br>• प्रत्येक विभागले नियमावलीको ४७(ख) बमोजिम वर्षभरीको गतिविधिको प्रगति विवरण छ/छ महिनामा महामन्त्रीमार्फत केन्द्रीय कार्यसमितिमा बुझाउनुपर्नेछ। |
| ३. | **अन्य समितिको पूर्णता** | विधानको धारा ३४, ३५ र ३८ मा अनुशासन समिति, निर्वाचन समिति र लेखा समिति तथा धारा ४(९) मा सदस्यता व्यवस्थापन सम्बन्धि व्यवस्था रहेको छ।<br><br>**सभापतिले प्रस्ताव गरी केन्द्रीय कार्यसमितिले अनुमोदन गर्नुपर्ने** विधानको व्यवस्था। | हालसम्म पूर्णता पाउन सकेको छैन। | • विधान बमोजिम गठन गर्नुपर्ने सम्पूर्ण समितिहरू भदौ १५ गतेभित्र पुर्णता दिइसक्ने। |
| ४. | **नीति अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान** | **विधानको धारा ३६(१)** सभापतिले तोकेको उपसभापति प्रतिष्ठानको प्रमुख रहने,प्रतिष्ठानको प्रमुखले सभापतिसंग परामर्श गरी उपप्रमुख र सदस्यहरू नियुक्त गर्ने व्यवस्था। | प्रतिष्ठानको प्रमुख नियुक्त भएको तर उपप्रमुख र सदस्यहरू नियुक्त भइनसकेको। | • भदौ १५ गतेभित्र पूर्णता दिने।<br>• प्रतिष्ठानले भदौ महिनाभित्र प्रशिक्षण कार्यतालिका सहितको आफ्नो वार्षिक कार्ययोजना केन्द्रीय कार्य समितिमा पेश गर्ने। |

| | | | | |
|---|---|---|---|---|
| | | | | • प्रतिष्ठानले आफ्नो कार्यतालिका अनुसार प्रशिक्षण लगायतका गतिविधि गरी सोको प्रगति विवरण केन्द्रीय कार्यसमितिमा पेश गर्नुपर्नेछ। |
| ५. | **भ्रातृ संघहरू** | **विधानको धारा ४२ (१)**<br>"(च) 'विधानमा उल्लेखित अवधिमा केन्द्रीय अधिवेशन हुन नसकेमा केन्द्रीय समिति स्वत: विघटन हुनेछ र पार्टीको केन्द्रीय कार्य समितिले तत्काल अधिवेशन गर्न आवश्यक व्यवस्था गर्नेछ ।<br><br>(छ) केन्द्रीय कार्यसमितिले भ्रातृ संघको विघटन वा पुनर्गठन गर्न गर्न सक्नेछ। | **२०७८ फागुन ३ को वैठकको निर्णय;**<br>अवधि समाप्त भइसकेका भ्रातृ संघका केन्द्रीय समितिहरु नेपाली कांग्रेसको विधानको धारा४२(१)(च) अनुरुप स्वत: विघटन भएको हुँदा पार्टी **केन्द्रीय सभापतिले आवश्यक परामर्श गरेर फागुन मसान्तभित्र भ्रातृ संघको केन्द्रीय तदर्थ समिति गठन गर्ने निर्णय** गरिएको छ"।<br><br>उक्त निर्णय बमोजिम नेपाल विद्यार्थी संघ, नेपाल महिला संघ, नेपाल किसान संघ, नेपाल तरुण दल र नेपाल लोकतन्त्रवादी आदिवासी जनजाती महासंघमध्ये केहीको तदर्थ समिति र केहीको अध्यक्ष मात्रै नियुक्त भएको छ ।<br>तर अवधि सकिएका र विधान बमोजिम स्वत: विघटन भएका | अवधि समाप्त भइसकेका देहायका भ्रातृ संघहरूको भाद्र १५ गतेभित्र तदर्थ समिति गठन गरिसक्ने ।<br>• नेपाल प्रजातन्त्र सेनानी संघ,<br>• नेपाल भुतपूर्व सैनिक संघ,<br>• राष्ट्रिय लोकतान्त्रिक अपाङ्ग संघ,<br>• नेपाल मुस्लिम संघ,<br>• नेपाल ठाकुर समाज,<br>• नेपाल दलित संघ<br>सवै भ्रातृ संघहरू [म्याद सकिएर तदर्थ समिति गठन भएका र नयाँ मान्यता पाएका(नेपाल थारु संघ, नेपाल लोकतान्त्रिक खेलकुद संघ)] लाई छ महिनाभित्र केन्द्रीय महाधिवेशन सम्पन्न गर्न जिम्मेवारी दिने ।<br>• अध्यक्ष मात्र नियुक्ति भएका र पूर्णता नपाएका भ्रातृ संघको भदौ १५ सम्म पूर्णता दिने।<br>• सवै भ्रातृ संघहरूले भदौ मसान्तभित्र आफ्नो कार्यतालिका र |

| | | | | |
|---|---|---|---|---|
| | | | नेपाल प्रजातन्त्र सेनानी संघ, नेपाल भुतपूर्व सैनिक संघ, राष्ट्रिय लोकतान्त्रिक अपाङ्ग संघ, नेपाल मुस्लिम संघ, नेपाल ठाकुर समाज, नेपाल दलित संघको तदर्थ समिति गठन हुन सकेको छैन। | कार्ययोजना पार्टीको केन्द्रीय कार्यालयमा पेश गर्ने। र तीन-तीन महिनामा प्रगति प्रतिवेदन पेश गर्ने। |
| ६. | **शुभेच्छुक संस्थाहरू** | **विधानको धारा ४२(१)** पार्टीले अंगालेका वृहत्तर आदर्श र नीतिमा क्रियाशील र सहयोगी रहने, लोकतान्त्रिक मूल्य र मान्यतामा विश्वास गर्ने संघ संस्था वा समूहलाई केन्द्रीय कार्यसमितिले निर्णय गरी सुभेच्छुक संस्थाको मान्यता दिन सक्नेछ। | **२०७८ फागुन ३ को बैठकको निर्णय;** अवधि समाप्त भइसकेका सुभेच्छुक संस्थाहरूको अधिवेशन यथाशीघ्र सम्पन्न गर्न निर्देशन दिने निर्णय गर्दछ। | • अवधि समाप्त भइसकेका सुभेच्छुक संस्थाहरूले तीन महिनाभित्र अधिवेशन सम्पन्न गर्नेगरी भदौ महिनाभित्र कार्यतालिका केन्द्रीय कार्यालयमा पेश गर्ने।<br>• सवै शुभेच्छुक संस्थाहरू (अधिवेशन सम्पन्न भएका र नयाँ मान्यताप्राप्त) ले संस्थाको सदस्यता लगायतको विवरण र आगामी एक वर्षको कार्ययोजना भदौ मसान्तभित्र केन्द्रीय कार्यालयमा पेश गर्ने। |
| ७. | **जनसम्पर्क समिति** | **विधानको धारा १४** विदेशस्थित नेपाली जनसम्पर्क समितिको गठन सम्बन्धी व्यवस्था | | • विदेशस्थित सवै नेपाली जनसम्पर्क समितिले सदस्यता, विधान, अधिवेशन र अन्य गतिविधिसहितको विधान बमोजिम उपलब्ध गराउनुपर्ने अद्यावधिक विवरण र कार्ययोजना भदौ मसान्तभित्र केन्द्रीय कार्यालयमा पेश गर्ने। |

| | | | | |
|---|---|---|---|---|
| | | | | • अधिवेशन गर्न वाँकी रहेका जनसम्पर्क समितिहरूले ६ महिनाभित्र अधिवेशन सम्पन्न गर्ने गरी केन्द्रीय कार्यालयले आवश्यक समन्वय र सहजीकरण गर्ने। |
| ८. | **तहगत सहजीकरण र अनुगमन** | नेपाली कांग्रेसको निर्वाचन संकल्पमा हरेक आर्थिक वर्ष समाप्त भएको दुई महिनाभित्र स्थानीय तहको पार्टी अडिट गर्ने तथा संकल्प पत्रमा उल्लेखित सुचकांकका आधारमा मूल्यांकन गर्ने भनिएको र सरकारलाई पार्टीको तर्फबाट निरन्तर समन्वय र सहजीकरण गर्ने भनिएको।<br>सोही व्यवस्था अनुसार संकल्प अनुरुप काम भए नभएको सम्बन्धमा अनुगमन, मूल्याङ्कन गर्न, तहगत सरकारलाई निरन्तर सहजीकरण र समन्वय गर्ने।<br>स्थानीय, प्रदेश र संघीय तहको पार्टीको घोषणापत्रमा निर्वाचित जनप्रतिनिधिको कार्य मुल्याङ्कन र अनुगमन | तहगत सरकारलाई समन्वय र सहजीकरण गर्न, अनुगमन र मुल्याङ्कन गरी घोषणापत्रमा गरिएको संकल्प अनुरुप काम भए नभएको सम्बन्धमा तहगत समन्वय गर्ने प्रभावकारी संयन्त्र र समिति नभएको। | • स्थानीय तहको निर्वाचनमा पार्टीको संकल्प अनुसार नेपाली कांग्रेसको तर्फबाट निर्वाचित स्थानीय तहका प्रमुख, उपप्रमुखसंग सहजीकरण गर्न, कार्यमुल्याङ्कन र अनुगमन गर्न भदौ १५ भित्र स्थानीय तह सहजीकरण तथा अनुगमन समिति गठन गर्ने।<br>• प्रदेश र संघीय तहको निर्वाचनमा पार्टीको संकल्प अनुसार काम भए नभएको अनुगमन, समन्वय र सहजीकरण गर्न प्रदेश कार्यसमिति सभापति समेत रहनेगरी भदौ १५ भित्र प्रदेश तथा संघीय तह सहजीकरण समिति गठन गर्ने।<br>• यसरी गठित समन्वय र सहजीकरण समितिले निरन्तर रुपमा तत् तत् |

| | | | | |
|---|---|---|---|---|
| | | गरी सो को पार्टी अडिट गर्ने । संघीय, प्रदेश र स्थानीय तहको पार्टीको स्थीतिको मुल्यांकन गरी प्रतिवेदन वनाउने भन्ने पार्टीको विधानको व्यवस्थालाई कार्यान्वयन गर्न । | | तहलाई सहजीकरण र अनुगमन गर्नेछ। |

**ख. नीति महाधिवेशन**

| | विषय | विधानको व्यवस्था | हालको अबस्था | कार्य तालिका |
|---|---|---|---|---|
| ९ | **नीति महाधिवेशन** | केन्द्रीय कार्य समितिको निर्वाचन र पार्टीको नीति निर्माण तथा विधान पारित गर्न फरक-फरक समयमा महाधिवेशन गर्न सकिनेछ । सोको लागि पार्टी केन्द्रीय कार्य समितिले आवश्यक निर्णय गर्नेछ। | साउन २ २०७९ को केन्द्रीय कार्य समितिको निर्णय: नेपाली कांग्रेसको आगामी 'नीति महाधिवेशन' का सम्बन्धमा केन्द्रीय कार्यालयले आवश्यक तयारी गर्ने। | मिति.................................. गतेसम्म काठमाडौंमा नीति महाधिवेशन गर्ने।<br><br>नीति महाधिवेशनको एजेण्डा र महाधिवेशनमा प्रस्तुत हुने नीति तथा कार्यक्रमको मस्यौदा तयार गर्न देहाय बमोजिमको समिति बनाउने;-<br>संयोजक-<br>सदस्य-<br>सदस्य-<br>नीति महाधिवेशनको आवश्यक व्यवस्थापकीय तयारी केन्द्रीय कार्यालये गर्नेछ। |

**ग. सदस्यता**

| | विषय | पार्टीको निर्णय | कार्ययोजना |
|---|---|---|---|
| १ | **सदस्यता** | २०७८ चैत्र १५ गते वसेको केन्द्रीय कार्य समितिको बैठकले “विधान बमोजिम | • यस अघि(१४औं महाधिवेशनमा) नेपाली कांग्रेसको क्रियाशील सदस्य भइसकेकाको क्रियाशील सदस्यता कार्ड साउन महिनाभित्र सदस्यलाई उपलब्ध गराउने गरी कार्य गर्ने । |

| | | | |
|---|---|---|---|
| | | देशव्यापी रुपमा नेपाली कांग्रेसको सदस्यता र नेपाली कांग्रेसको क्रियशील सदस्यता वितरण प्रारम्भ गर्ने” निर्णय गरेको छ। | • विधान बमोजिम हरेक वर्ष नवीकरण गर्नुपर्ने क्रियाशील सदस्यता नियमित रुपमा नविकरण गर्न भदौ, असोज र कार्तिकमा नविकरण अभियान संचालन गर्ने ।<br>• क्रियाशील सदस्यता वितरण वर्षभरी नै निरन्तर गर्ने । अधिवेशनको वर्षमा विधानतः अधिवेशन पूर्वको ६ महिना क्रियाशील सदस्यता वितरण नगर्ने व्यवस्थालाई कडाइका साथ लागु गर्ने।<br>• कांग्रेस सदस्यता वितरणलाई अनलाइन मार्फत प्रदान गर्ने व्यवस्थालाई प्रभावकारी बनाउने ।<br>• संगठन विस्तार र सुदृढीकरणका लागि नयाँ व्यक्तिलाई पार्टीमा आवद्ध र आकर्षण गर्न सदस्यता वितरणमा नै समाजको विविधता झल्कनेगरी अभ्यास गर्न यस वर्ष साउन देखि २०८१ असार ३१ गतेसम्म एक वर्षको अवधिलाई **“घर-घर जाऔं, पार्टी सदस्य बनाऔं”** राष्ट्रिय अभियान गरिने छ । एक बर्षको अवधिमा कम्तिमा ५ देखि ७ लाख पार्टी सदस्य बनाउने उद्देश्यसाथ यो अभियान गरिने छ । |

**घ. अभियान**

| | **विषय** | **अबस्था** | **कार्य योजना** |
|---|---|---|---|
| ११. | **अभियान** | विधानले सदस्यता, समिति वैठक, सम्मेलन, अभियानका सन्दर्भमा निश्चित काम तोकेको छ ।<br>प्रत्येक तहले समय समयमा मतदाता र नागरिकसँग सम्पर्क, संवाद तथा अन्तर्क्रिया गर्ने, समय समयमा नागरिक हितसँग सम्बन्धित अभियान संचालन | **पार्टी संगठन सुदृढीकरण र सुद्धीकरणका अभियान:**<br>**पहिलो चरण:** साउन २० देखि भदौ १ गतेसम्म- संगठन सुदृढिकरण केन्द्रित<br>**दोस्रो चरण**:भदौ १० देखि २४ गतेसम्म समुदायसंग संवाद<br>**तेस्रो चरण:** मंसिर १५ देखि माघ १५ सम्म (दुई महिना)-घर घरमा कांग्रेस<br><br>**अभियानको पहिलो चरणको उद्देश्य:** सदस्यता वितरण, तहगत समितिको क्रियाशीलता, यथार्थ विष्लेषण, संगठन सुदृढिकरण र सबलिकरण।<br><br>**पहिलो चरणमा ७७ वटै जिल्ला र ७५३ वटै स्थानीय तहमा प्रतिनिधि खटिनेछन र देहाय बमोजिमका काम र गतिविधि गरिने छन्:** |

| | | | |
|---|---|---|---|
| | | गर्ने, नागरिकको घरमा सुख, दु:खमा सरिक भई आफ्नो तर्फबाट आवश्यक सहयोग गर्ने व्यवस्था पनि विधानमा छ। | १. पार्टीको सदस्यता तथा क्रियाशील सदस्यता वितरण, नवीकरण, अद्यावधिक, व्यवस्थापन तथा अभिलेखीकरण सम्बन्धमा जानकारी लिएर सम्बन्धित निकाय र जिम्मेवार नेतृत्व पंक्तिलाई आवश्यक नीति-निर्देशन दिने, अभिलेखीकरणलाई चुस्त राख्ने, सदस्यता वितरण र नविकरण गर्ने गराउने।<br>२. विधान अनुसार जिल्ला समितिदेखि टोल समितिसम्मका पार्टीका सम्पूर्ण निकायहरुले पूर्णता पाए-नपाएको, विभाग र समितिहरु गठन भए-नभएको तथा पार्टीका निकायहरुले पूर्णता पाए पनि प्रभावकारी रुपमा परिचालित भए-नभएको जानकारी लिने र सवै तहका समितिलाई पूर्णता दिने।<br>३. जिल्ला समितिदेखि टोल समितिसम्मका पार्टीका निकायहरूको विधानको प्रावधान अनुसार बैठक बसे-नबसेको जानकारी लिएर विधान अनुसार पार्टी सञ्चालन गर्नका लागि सम्बन्धित निकाय र जिम्मेवार नेतृत्व पंक्तिलाई विधान वमोजिम गर्नुपर्ने वैठक गर्ने र सम्मेलन सम्पन्न गर्ने, गराउने।<br>४. जिल्ला र मातहतका निकायमा भातृ तथा शुभेच्छुक संस्थाहरु विधान अनुसार परिचालित भए-नभएको जानकारी लिएर पार्टी र भातृ तथा शुभेच्छुक संस्थाको विधानअनुसार पूर्णरुपमा परिचालित भएर पार्टीको उद्देश्य अनुसार कार्य गर्न अभिप्रेरित गर्ने, गराउने।<br>५. बौद्धिक समुदाय, नागरिक समाज, युवा, तरुण, महिला, आदिवासी-जनजाति, दलित समुदायसँग अन्तरक्रिया गरी पार्टीको दृष्टिकोण, विचार, नीति र प्राथमिकता स्पष्टपूर्वक राख्ने।<br>६. पार्टीको घोषणापत्र अनुसार स्थानीय जनप्रतिनिधिहरुले काम गरे-नगरेको जानकारी लिएर तथा स्थानीय तथा प्रदेश सरकार र जनप्रतिनिधिहरुप्रति जनताको धारणा समेत बुझेर जनताको भावना, पार्टीको नीति तथा घोषणापत्रको आधारमा कार्य गर्न तथा पार्टी र जनप्रतिनिधिका विचमा सहज सम्बन्ध र सहकार्यका लागि आवश्यक समन्वय र सहजीकरण गर्ने।<br>७. केन्द्रीय प्रतिनिधिले पार्टीका असन्तुष्ट र निष्क्रिय नेता तथा कार्यकर्तालाई भेटी उनीहरूको गुनासो र असन्तुष्टिको |

| | | | |
|---|---|---|---|
| | | | सम्बोधन गरी पूर्ववतरुपमा पार्टीमा पूर्णरुपमा क्रियाशील बनाउन प्रेरणादायी भूमिका निर्वाह गर्ने ।<br>८. स्थानीय तथा प्रदेश सरकारको विकास-निर्माण तथा सेवाप्रवाह र पार्टीका जनप्रतिनिधिहरूको भूमिकाको बारेमा अनुगमन तथा मूल्यांकन गर्ने ।<br>९. जनाधार भएका, समाजमा प्रतिष्ठित, समाजसेवी, युवा तथा वौद्धिक समुदायसँग भेटघाट, संवाद र अन्तरक्रिया गरी पार्टीको सदस्य, समर्थक र शुभेच्छुक बनाउन विशेष पहल गर्ने।<br>१०. अभियानका क्रममा केन्द्रीय प्रतिनिधिले जिल्ला र मातहतका हरेक समितिको कम्तिमा एकवटा(जिल्ला, क्षेत्र, प्रदेश क्षेत्र, पालिका, वडा र टोल) वैठकमा उपस्थिति हुनुपर्नेछ र यस अघि परिपत्रमा उल्लेखित विषय कार्यान्वयन गर्नुपर्नेछ ।<br>अभियान पश्चात क्रममा आफ्नो जिम्मेवारी क्षेत्रको पार्टी संगठनको सम्पूर्ण विवरणसहितको प्रतिवेदन भदौ १५ मसान्तभित्र केन्द्रीय कार्यालयमा बुझाउनुपर्नेछ।<br><br>अभियानको दोस्रो चरण समुदायसंग कांग्रेस केन्द्रित हुनेछ। पहिलो चरण सकिएपछि यसको विस्तृत प्रारुप उपलब्ध गराइनेछ ।<br><br>अभियानको तेस्रो चरणमा घर घरमा कांग्रेस अभियान संचालन हुनेछ। |

## ङ. कार्यालय व्यवस्थापन

| १२. | विषय | प्रगति र योजना |
|---|---|---|
| | **केन्द्रीय कार्यालय व्यवस्थापन** | ○ केन्द्रीय कार्यालय व्यवस्थापनका सन्दर्भमा विधान वमोजिम वनाउनुपर्ने निर्देशिका, कार्यविधि समेत लामो समयसम्म बन्न नसकेको अवस्थामा केन्द्रीय कार्यालय संचालनका लागि ‘कार्यालय संचालन निर्देशिका तर्जुमा गरी कार्यालयको स्पष्ट संरचनात्मक व्यवस्था गरिएको।<br>○ केन्द्रीय कार्यालयमा सचिवको नेतृत्वमा देहाय बमोजिमको शाखा र शाखा अनुसारको कार्यविभाजन तथा उपशाखा र डेष्क रहनेगरी व्यवस्थित गरिएको |

| | | |
|---|---|---|
| | | · अभिलेख तथा अनुसन्धान शाखा<br>· सूचना संचार तथा प्रेस शाखा<br>· प्रशासन (आर्थिक र कार्यालय समेत) शाखा<br>· कार्यक्रम व्यवस्थापन र स्टोर शाखा<br>· कानून तथा अन्तराष्ट्रिय शाखा<br>· समन्वय र अनुगमन शाखा<br>○ कार्यालयका कर्मचारी व्यवस्थापन, वृत्तिविकास लगायतलाई व्यवस्थित गर्न कर्मचारी व्यवस्थापन विधि तर्जुमा गरी सो अनुसार कार्यान्वयनमा ल्याइएको छ। |
| | **पार्टी पुस्तकालय तथा स्रोत केन्द्र** | ○ पार्टी साहित्य तथा दस्तावेजहरूको अभिलेख, अध्ययन गर्न पार्टी कार्यालयको पुस्तकालयलाई व्यवस्थित वनाउने गरी कार्य प्रारम्भ भएको छ।<br>○ असोज मसान्तभित्र पुस्तकालय व्यवस्थित रुपमा संचालन गरिनेछ। |
| | **डिजिटल कांग्रेस** | ○ पार्टीको सम्पूर्ण अभिलेख, वैठक, संचार र सम्पर्क लगायत डिजिटलाइज्ड सिस्टम वन्दैछ।<br>○ डिजिटल अभिलेख प्रारम्भ गरिएको छ।<br>○ कांग्रेस सदस्यता अनलाइन प्रारम्भ भएको छ।<br>○ क्रियाशील सदस्यताको जिल्लाबाटै अनलाइन प्रिन्ट हुनेकार्य प्रारम्भ भएको छ।<br>○ प्रत्येक तहको वैठकको निर्णय प्रणालीमा जोड्नेगरी प्रणालीको विकास गरिदैछ।<br>○ भ्रातृ तथा शूभेच्छुक संस्थाको सदस्यता लगायतको विवरणलाई पार्टीको सिस्टममा आवद्ध गरिनेछ।<br>○ यसले पार्टी अभिलेख र कार्यप्रणली व्यवस्थित र चुस्त हुनेछ। |


नेपाली कांग्रेस
केन्द्रिय कार्यालय


NC HISTORY
BP KOIRALA

## च. मासिक कार्यक्रमको क्यालेण्डर

| महिना | समय-सन्दर्भ | कार्यक्रम | प्रारुप |
|---|---|---|---|
| **साउन**<br><br>**Month of Greenery**<br><br>वातावरण विशेष | साउन ६ **विपि स्मृति** दिवस | **'रुख रोपौं'** अभियान | ○ नेपाली कांग्रेसका ६७४३ वटै वडा कार्यसमितिले रुख रोप्ने अभियान संचालन गर्नेछन । अभियानमा टोल समिति, क्रियाशील सदस्यहरू, कांग्रेस सदस्यहरू, भ्रातृ तथा शुभेच्छुक संस्थाका सदस्यहरू लगायत सहभागि हुनेछन। |
| | साउन २७ अन्तराष्ट्रिय **युवा** दिवस | **युवासंग** सम्बन्धित कार्यक्रम गर्ने। | ○ अन्तराष्ट्रिय युवा दिवसको दिन केन्द्रीय कार्यालयले यूवा र जलवायू परिवर्तन सम्बन्धि "Green Skills for Youth: Towards a Sustainable World" विषयमा केन्द्रित रही कार्यक्रम संचालन गर्नेछ । मातहतका सवै समिति(७७ जिल्ला र ७५३ पालिका) ले यो विषयमा रचनात्मक कार्यक्रम गर्नेछन, युवाका कुरा सुन्नेछन।<br>○ Political Hackathon |
| | साउन २० देखि भदौ १ | | ○ पार्टी सदस्यता, तहगत समितिको क्रियाशीलता लगायत संगठन सुदृढीकरण, सुद्धीकरण र सवलिकरणका लागि अभियानको पहिलो चरण। |
| | साउन महिना भरी | भ्रातृ संघ तथा शुभेच्छुक संस्थासंग वैठक | ○ नयाँ गठन भएका र अधिवेशन सम्पन्न भएका भ्रातृ संघ तथा शुभेच्छुक संस्थासंग केन्द्रीय कार्यालयले वैठक राखि आवश्यक मार्गनिर्देश गरिनेछ । |
| **भदौ**<br><br>**Month of Literature**<br><br>सांगठनिक अभियान र साहित्य विशेष | भदौ १० देखि २४ | अभियान | ○ अभियानको दोस्रो चरण : समुदायमा कांग्रेस |
| | भदौ २ **दिवानसिंह** राई स्मृति दिवस | विचार गोष्ठी | ○ दिवानसिंह राईको स्मरण र योगदानमा आधारित रही विचार गोष्ठी गरिनेछ। |
| | भदौ ५ **प्रदिप गिरि**को | 'स्मरण सभा' | ○ केन्द्रीय कार्यालयले प्रदिप गिरिको पहिलो वार्षिकीमा स्मरण सभा र प्रदिप गिरि संवाद कार्यक्रम गर्नेछ। |

| | | | |
|---|---|---|---|
| | पहिलो वार्षिकी | मधेस प्रदेशका ८ वटै जिल्लामा **प्रदिप गिरि संवाद** कार्यक्रम | ○ मधेस प्रदेशका ८ वटै जिल्लामा प्रदिप गिरिको विचारमा केन्द्रित रहि प्रदिप गिरि संवाद कार्यक्रम गरिनेछ। |
| | भदौ २४ **विपि जन्म जयन्ती** | “**विपि साहित्य महोत्सव**” | ○ विपि जन्मजयन्तीको अवसरमा ‘केन्द्रीय कार्यालयले २ दिने विपि साहित्य महोत्सव गर्नेछ। उक्त महोत्सवमा विपिका पुस्तक, रचना, विचारको वारेमा मन्थन हुनेछ।<br>○ विपिको साहित्यिक, आर्थिक, सामाजिक, राजनीतिक आयाम, विपिका दृष्टिकोणवारे छलफल र संवाद हुनेछ।<br>○ सवै जिल्ला कार्यसमितिले विपिसंग सम्बन्धित कुनै न कुनै विधासंग जोडिएर कार्यक्रम आयोजना गर्नेछन।<br>○ त्यस अवसरमा जिल्ला कार्यसमितिले विपिको वहुआयामिक व्यक्तित्वमा केन्द्रित रही निवन्ध प्रतियोगिता, कविता प्रतियोगिता आयोजना गर्न सक्नेछन। |
| | भदौ २४ विश्व आत्महत्य रोकथाम दिवस | मानसिक स्वास्थ्य सम्बन्धि कार्यक्रम | ○ भदौ २४ विश्व आत्महत्या रोकथाम दिवसको अवसरमा लोकतन्त्रवादी चिकित्सक संघ, स्वास्थ्यकर्मी संघ, स्वास्थ्य विभाग लगायतसंगको समनवयमा‘मानसिक स्वास्थ्य’ सम्बन्धी सचेतना कार्यक्रम र Creative Art expression programme |
| | भदौ २९ **वाल दिवस** | कांग्रेस विपन्न **छात्रवृत्ति अभियान** | ○ नेपाली कांग्रेसको प्रत्येक वडा कार्यसमितिले वडामा सामुदायिक विद्यालयमा पढ्ने विपन्न विद्यार्थीका लागि छात्रवृति (एक वडा कम्तिमा २ छात्रवृति)अभियान संचालन गर्ने। |
| **असोज**<br><br>उत्सवको महिना | असोज २ **गणेशमान** सिंह स्मृति दिवस | गणेशमान सिंह र समावेशी नेपालको परिकल्पना | ○ गणेशमान सिंह स्मृतिका दिन गणेशमान सिंह र समावेशी नेपालको परिकल्पना विषयमा गोष्ठी गर्ने। |
| | असोज ३ **संविधान** दिवस, | उत्सव मनाउने | ○ संविधान दिवसको दिन देशैभरी पार्टीका सवै तहले दीप प्रज्जवलन गर्ने, Constitution Concert आयोजना गर्ने। ‘शिक्षण संस्थामा |

| | | | |
|---|---|---|---|
| | | | Democracy and Constitution” विषयमा कक्षा, प्रवचन र अन्तर्क्रिया गर्ने। |
| | दोस्रो पहिलो-हप्ता | क्षेत्रीय सभापतिहरूसंग वैठक | ○ कांग्रेसको अनलाइन सदस्यता, नयाँ क्रियाशील सदस्यता, सदस्यता अभिलेखीकरण, वैठक र सम्मेलन लगायतका सांगठनिक विषयमा छलफल गर्न केन्द्रीय कार्यालयले १३०(एक निर्वाचन क्षेत्र भएका जिल्ला बाहेक) वटै क्षेत्रका क्षेत्रीयसभापतिसंग वैठक गर्नेछ। |
| | तेस्रो-चौंथो हप्ता | सचिवहरूसंग वैठक | ○ डिजिटल कांग्रेस अभियान र पार्टी कार्यालय संचालन तथा संगठन व्यवस्थापनसंग सम्बन्धीत रही सवै जिल्लाका पार्टी सचिवसंग बैठक गर्ने। |
| **कार्तिक**<br><br>संवादको महिना | कार्तिक ११ **कोजाग्रत पुर्णीमा** | चियापान कार्यक्रम | ○ कोजागत पुर्णीमाको दिन केन्द्रीय कार्यालयले चियापान आयोजना गर्नेछ। |
| | कार्तिक २४ **सुवर्ण शमशेर** स्मृति दिवस | **पार्टीको अर्थनीति सम्बन्धी २ दिने कन्क्लेभ**, | ○ सुवर्ण शमशेर स्मृति दिवसमा केन्द्रीय कार्यालयले पार्टीको अर्थनीति सम्बन्धी दुई दिने कन्क्लेभ संचालन गर्ने। अर्थविदले आर्थिक नीतिका वारेमा विभिन्न आयामवारे कार्यपत्र प्रस्तुत हुनेछ । पार्टीले विगतमा लिएका आर्थिक नीति,हाम्रा उलपब्धिबारे चर्चा गर्ने र अवको वाटोका विषयमा छलफल गर्ने। अवधारणा प्रकाशन गर्ने।<br>○ सातवटै प्रदेश र ७५३ वटै गाउँ-नगर कार्यसमितिले आ-आफ्नो तहमा पार्टीले लिनुपर्ने आर्थिक नीतिसंग सम्बन्धित रही अर्थनीति संवादको कार्यक्रम गर्नेछन। कार्यक्रममा स्थानीय उद्यमीलाई सम्मान गर्नेछन। |
| **मंसिर**<br><br>अभियान विशेष | सन्दर्भ: मंसिर २४ मानव अधिकार दिवस, मंसिर २५ मंगलादेवी | महिलामाथी हुने हिंसा विरुद्ध **मंगलादेवी सिंह एक महिने अभियान** | ○ महिला माथी हुने हिंसा विरुद्ध एक महिने अभियानका क्रममा केन्द्रमा महिला संघ र महिला विभागसंगको समन्वयमा विविध कार्यक्रम संचालन गरिनेछ। |

| | | | |
|---|---|---|---|
| | सिंह जयन्ती, नोभेम्बर २५-डिसेम्बर १०, १६ दिने अभियान) | | ○ जिल्ला कार्यसमितिले मातहतका कार्य समिति, महिला संघसंग समन्वय गरी प्रवचन, प्रदर्शन, संवाद, अन्तर्क्रिया, प्रशिक्षण, लैंगिक समानता र पार्टीको अवधारणा लगायतका एक महिने सुन्ने सुनाउने कार्यक्रम संचालन गर्नेछन।<br>○ ७५३ वटै तहमा किशोर किशोरी र महिलासंग लैंगिक समानता विषयक सुन्ने सुनाउने कार्यक्रम संचालन गर्ने । जसमा हाम्रो संघर्ष, पार्टीको अवधारणा, संवैधानिक र कानूनी अधिकार लगायतका विषयमा वताउने र उनीहरूको धारणा र भावना सुन्ने । |
| | मंसिर ११ **शेख इद्रिस स्मृति दिवस** | भू-संरक्षण सम्बन्धी कार्यक्रम | ○ भू-संरक्षणसंग सम्बन्धित विषयमा विचार गोष्ठी गरिनेछ। |
| | मंसिर १६ **भीम बहादुर तामाङ** स्मृति दिवस | पहिचान र विविधताका विषयमा कार्यक्रम | ○ भीमबहादुर तामाङको स्मृति दिवसमा पार्टी केन्द्रीय कार्यालयले "पहिचान र विवधता" सम्बन्धी नीति संवाद गर्नेछ।<br>○ लोकतान्त्रिक आदिवासी जनजाती महासंघको संयोजनमा देशैभरी विविध कार्यक्रम संचालन हुनेछन। |
| | मंसिर १७ **अन्तराष्ट्रिय अपाङ्गता** दिवस | | ○ लोकतान्त्रिक अपाङ्ग महासंघसंगको संयोजनमा अपाङ्गता अधिकार र नेपाली कांग्रेस विषयक गोष्ठी तथा जिल्लामा विविध रचनात्मक कार्यक्रम आयोजना गर्ने। केन्द्रीय कार्यालयबाट अपाङ्गता आवाज विशेष वुलेटिन प्रकाशन गरिनेछ। |
| | मंसिर २५ **राधाकृष्ण थारुको** स्मृति दिवस (मंसिर १९ माटो दिवस) | भूमि र किसान सम्बन्धी कार्यक्रम<br><br>'किसान सप्ताह' | ○ राधाकृष्ण थारूको स्मृतिमा केन्द्रीय कार्यालयले किसानसंघसंगको समन्वयमा भूमि र किसानका मुद्दासंग सम्बन्धित कार्यक्रम गर्ने।<br>○ प्रत्येक जिल्ला कार्यसमितिले किसान सम्बन्धि कार्यक्रम राखि जिल्लाभित्रका उत्कृष्ट किसानलाई सम्मान गर्नेछन। |
| | मंसिर १५देखि माघ १५ | अभियान | ○ घरघरमा कांग्रेस अभियान संचालन गरिनेछ। |

| | | | |
|---|---|---|---|
| **पौष**<br><br>एकता र मेलमिलाप विशेष | पौष १६ **राष्ट्रिय एकता र मेलमिलाप** दिवस | विभिन्न राजनीतिक दललाई आमन्त्रण गरी कार्यक्रम गर्ने | ○ राष्ट्रिय एकता र मेलमिलाप दिवसको दिन केन्द्रीय कार्यालयले विभिन्न राजनीतिक दलहरू आमन्त्रण गरी नेपालको साझा विदेश नीति र परराष्ट्र सम्बन्ध संग सम्बन्धित कार्यक्रम आयोजना गर्नेछ ।<br>○ हरेक जिल्ला कार्यसमितिले जिल्लास्थित राजनीतिक दल लगायतलाई आमन्त्रण गरी जिल्लाको कुनै महत्वपूर्ण विषयमा कार्यक्रम गर्नेछन। |
| | पौष तेस्रो हप्ता | संघीय सांसदहरूसंग वैठक | ○ संघीय सांसदसंग संसदको प्रक्रिया, संसदमा क्रियाशीलता र प्रभावकारीता एवं बजेट निर्माण लगायतका विषयमा केन्द्रीय कार्यालय छलफल गर्नेछ। |
| | पौष चौंथो हप्ता | प्रदेश सांसदहरूसंग वैठक | ○ सातवटै प्रदेशका सांसदसंग प्रदेश सभामा क्रियाशीलता र प्रभावकारीता एवं प्रदेश बजेट निर्माण लगायतका विषयमा केन्द्रीय कार्यालयले छलफल गर्नेछ। |
| **माघ**<br><br>सम्मान विशेष | **माघ १२ पार्टी स्थापना दिवस** | **टोल टोलमा कांग्रेस** पार्टीको कुनै पदमा वहाल रहेको प्रत्येक व्यक्ति आफू क्रियाशील रहेको वडामा पुगेर कुनै न कुनै सामाजिक कार्यक्रममा सरिक हुने। - जस्तै रक्तदान,सरसफाई। | ○ पार्टी स्थापनाको दिन ६७४३ वटै वडाले कुनै एक सामाजिक कार्यक्रम आयोजना गर्नुपर्नेछ ।<br>○ पार्टीको केन्द्रीय सभापति, पदाधिकारी, कार्यसमिति सदस्य, प्रदेश कार्यसमिति, जिल्ला कार्यसमिति, क्षेत्रीय कार्यसमिति र गाउँ-नगरपालिका कार्यसमितिमा रहेका सदस्य आफु क्रियाशील सदस्यता रहेको वडामा पुग्नुपर्नेछ । वडाले आयोजना गरेको सामाजिक कार्यक्रममा सहभागि हुनुपर्नेछ। |
| | माघ १६ **सहिद दिवस,** सहिद सप्ताह, माघ १९ दुर्गानन्द झा स्मृति | माघ १० देखि २० गतेसम्म सहिदको स्मरणमा विविध कार्यक्रम २००७ साल अघिदेखिका सहिदको अभिलेखिकरण, पार्टी कोष वनाउने र सहिद परिवार, द्वन्द्व पिडित | ○ माघ १६ गते सहिद दिवसको दिन केन्द्रमा विशेष कार्यक्रम आयोजना गरिनेछ । कार्यक्रममा नेपाली कांग्रेसले अभिलेखिकरण गरेका सहिद र द्वन्द्व पिडित परिवारको विवरण पुस्तिका सार्वजनिक गर्नेछ । पार्टीले सहिद र द्वन्द्व पिडित परिवार सम्मान र सहयोग कोष प्रारम्भ गर्नेछ । |

| | | | |
|---|---|---|---|
| | | परिवारलाई सम्मान र सहयोग | ○ माघ १९ गते दुर्गानन्द झाको स्मरणमा वलिदान दिवसको विशेष कार्यक्रम हुनेछ।<br>○ माघ १० देखि २० गतेसम्म प्रथम सहिद लखन थापा, चार सहिदहरू, थिरवम मल्ल लगायत प्रजातन्त्र प्राप्तिको संघर्षमा सहादत प्राप्त गर्ने सम्पूर्ण सहिदको स्मरणमा केन्द्र प्रदेश र जिल्लास्तरमा विविध रचनात्मक कार्यक्रमहरू संचालन हुनेछन ।<br>○ कार्यक्रममा "Share Your Congress Story" अन्तर्गत प्रजातन्त्र प्राप्तिका संघर्ष र वलिदानका विषयमा भिडियो सामाग्री समेत प्रस्तुत हुनेछन। |
| | माघ २६ **सुशील कोइराला** स्मृति दिवस | संविधान कार्यान्वयनका चुनौती विषयक अन्तर्क्रिया | ○ सुशील कोइराला स्मृति दिवसमा संविधान निर्माणमा उहाँको योगदानको चर्चा गर्दै केन्द्रीय कार्यालयले संविधान कार्यान्वयनका चुनौती विषयक अन्तरक्रिया आयोजना गरिनेछ । |
| **फागुन**<br><br>प्रजातन्त्र र सत्याग्रह विशेष | फागुन ७ **प्रजातन्त्र दिवस** | **खेलकुद सप्ताह** | ○ ७५३ स्थानीय तहमा गाउँ नगरपालिका कार्य समितिले खेलकुद सप्ताह संचालन गर्नेछन । स्थानीय तहमा रहेका खेलाडी सम्मान गर्नेछन।<br>○ लोकतान्त्रिक खेलकुद महासंघसंगको समन्वयमा खेलकुद सम्बन्धी विविध प्रतियोगितात्मक कार्यक्रम संचालन गरिनेछ। |
| | फागुन २० **कृष्णप्रसाद भट्टराई** स्मृति दिवस | सत्याग्रह विशेष कार्यक्रम | ○ सामाजिक राजनीतिक आन्दोलनमा सत्याग्रहको महत्व र प्रयोगबारे सचेतना फैलाउने,<br>○ शान्तिपूर्ण र अहिंसात्मक आन्दोलनमा सत्याग्रहको महत्त्व बारे प्रचार प्रसार अत्यन्त जरुरी भएकाले प्रशिक्षित गर्ने सामग्री प्रकाशन गर्ने ।<br>○ सत्याग्रहको अभ्यासको रुपमा आत्मशुद्धीकरणको लागि उपवास बस्न सक्ने।<br>○ सेवा भावको रुपमा कुनै न कुनै सामाजिक कर्ममा समर्पित गर्ने। |

| | | | |
|---|---|---|---|
| **चैत्र**<br><br>कला, संस्कृति र श्रम विशेष | चैत्र ७ **गिरिजाप्रसाद** स्मृति दिवस | **देशै भरी शान्ति पदयात्रा** | ○ गिरिजाप्रसाद स्मृति दिवसमा केन्द्रमा वृहत प्रभातफेरी आयोजना गरि शान्ति प्रक्रियाबारे चर्चा गरिनेछ। देशभरी जिल्ला कार्यसमितिले मातहतका समितिसंग समन्वय गरी जिल्लामा प्रभातफेरी र शान्ति प्रक्रिया सम्बन्धि कार्यक्रम आयोजना गर्नछन।<br>○ नेपाल ट्रेड युनियन कांग्रेसको संयोजनमा 'श्रम सम्मेलन' आयोजना गर्नेछ। |
| | चैत्र २३ **डिवि परियार** स्मृति दिवस | **राष्ट्रिय कला सम्मेलन** | ○ डिवि परियारको स्मृति दिवसको दिन केन्द्रमा एक राष्ट्रिय कला सम्मेलन हुनेछ । सम्मेलनमा गित, संगित, चलचित्र लगायतका क्षेत्रका व्यक्ति, अभियान्तासंग विचार-विमर्श, गोष्ठी र विधागत प्रदर्शन हुनेछ । कार्यक्रम सांस्कृतिक संघ र अन्य विभागसंगको समन्वयमा हुनेछ।<br>○ जिल्लामा जिल्ला कार्यसमितिले कला, साहित्यसंग जोडिएर विविध कार्यक्रम गर्नेछन ।<br>○ ७५३ वटै स्थानीय तहले वडामा 'दलित संवाद र सिप सम्मान' कार्यक्रम आयोजना गर्नेछन। |
| | चैत्र महिनाभरी | **स्थानीय तहका प्रमुख उपप्रमुखसंग वैठक** | ○ स्थानीय तहको नीति, कार्यक्रम तथा बजेट तर्जुमा र प्राथमिकताका विषय लगायतमा नेपाली कांग्रेसले जितेका स्थानीय तहका प्रमूख उपप्रमुखसंग प्रदेश वैठक । |
| **वैशाख**<br><br>संकल्पको महिना | वैशाख ११ **लोकतन्त्र दिवस** | **लोकतन्त्र वृत्तचित्र प्रदर्शनी** | ○ केन्द्रीय कार्यालयले लोकतन्त्रसंग सम्बन्धित वृत्तचित्रको निर्माण गरी लोकतन्त्र दिवसको दिन प्रदर्शनी गरिनेछ । |
| | वैशाख २० **महेन्द्र नारायण** निधी स्मृति | अहिंसा र राजनीति विषयक प्रवचन | ○ केन्द्रीय कार्यालयले अहिंसा र राजनीति विषयक प्रवचन कार्यक्रम आयोजना गर्नेछ। |
| | | जिल्ला पार्टी सभापतिहरूसंग वैठक | ○ जिल्लाको सदस्यता, वैठक, सम्मेलन, सामाजिक राजनीतिक कार्यक्रम लगायतका सांगठनिक विषयका सन्दर्भमा जिल्ला सभापतिहरूसंग केन्द्रीय कार्यालयले वैठक गर्नेछ र नयाँ वर्षको संकल्प गर्नेछ। |

| | | | |
|---|---|---|---|
| | | प्रदेश कार्य समिति सभापतिहरूसंग वैठक | ○ प्रदेश संगठन, प्रदेश सरकारसंगको सम्बन्ध र समन्वय लगायतका विषयमा सातवटै प्रदेश सभापतिसंग वैठक गरिनेछ र नयाँ वर्षको संकल्प गरिनेछ। |
| **जेठ**<br><br>जागरणको महिना | जेठ १०<br>**समता दिवस** | छुवाछुत र भेदभाव विरुद्धका विद्यमान कानून र कार्यान्वयका चुनौतीका विषयमा अभियान्तासंग परिसंवाद | ○ समता दिवसको दिन केन्द्रमा छुवाछुत र भेदभाव विरुद्ध विशेष कार्यक्रम गरिनेछ ।<br>○ पार्टीले दलित विभाग र दलित संघसंगको समन्वयमा “नेपाली कांग्रेस, दलित समुदायको संघर्ष, उपलब्धी र अभियान” सम्बन्धी विषयमा केन्द्रित रही नेपाली कांग्रेसले दलित अधिकारका सम्बन्धमा गरेका घोषणा, कार्यक्रम र उपलब्धिको अध्ययन गर्नेछ । विभिन्न संवाद आयोजना गर्नेछ र सो को अभिलेखिकरण गरी अवधारणा प्रकाशन गर्नेछ।<br>○ समता दिवसका दिन उक्त प्रकाशनलाई सार्वजनिक गरिनेछ र विद्यमान कानून र कार्यान्वयका चुनौतीका विषयमा अभियान्तासंग परिसंवाद हुनेछ ।<br>○ हरेक जिल्ला, क्षेत्र र गाउँ-नगरपालिका तहसम्म तत्-तत् कार्यसमितिले संवाद र उक्त अवधारणामा वहस आयोजना गर्नेछन । |
| | जेठ १५<br>**गणतन्त्र दिवस** | गणतन्त्र फोटो प्रदर्शनी | ○ गणतन्त्र दिवसको दिन पार्टी कार्यालयमा गणतन्त्र फोटो प्रदर्शनी गरिनेछ । |
| | जेठ २२<br>**वातावरण दिवस** | नदी, ताल तलैया सफाई कार्यक्रम, युवा र जलवायू परिवर्तन सम्बन्धी रचनात्मक कार्यक्रम | ○ वातावरण दिवसमा सवै तहले नदी ताल, तलैया सफाई र जिल्ला कार्यसमितिले नेविसंघ संग समन्वय गरी युवा र जलवायू परिवर्तन सम्बन्धी रचनात्मक कार्यक्रम हुनेछन। जस्तै |
| | जेठ २९<br>**शैलजा आचार्य** स्मृति दिवस | महिला र राजनीति परिसंवाद कार्यक्रम, महिला जागरण अभियाम | ○ शैलजा आचार्य स्मृति दिवसमा केन्द्रमा महिला र राजनीति सम्बन्धी परिसंवाद कार्यक्रम गरिनेछ। |

| | | | |
|---|---|---|---|
| | | | ○ हरेक तहमा महिला संघको समयोजनमा वडातहसम्म महिला जागरण अभियान संचालन गरिनेछ। |
| **असार** सहयोगको महिना | | समुदायसंग कांग्रेस | ○ किसानका समस्यामा सहजीकरण गर्ने।<br>○ प्राकृतिक विपद र अफ्ठ्यारालाई मध्येनजर गर्दै समुदायलाई सहयोग र समन्वय गर्न प्रत्येक तहले पूर्व तयारी अबस्थामा रहने र आवश्यक परेको वेला सहयोग गर्ने। |
| | | | |
| **अन्य विषय** | पार्टी संवाद **'विज्ञसंग वातचित'** | | ○ केन्द्रीय कार्यालयले विभिन्न विषयका हरेक महिनाको एउटा श्रृंखला विज्ञसंग संवाद गर्नेछ। |
| | **पार्टी बुलेटिन** | | ○ प्रचार विभागको संयोजनमा हरेक तीन महिनामा पार्टी बुलेटिन प्रकाशन गरिनेछ। |
| | **घरघर जाऔं पार्टी सदस्य वनाऔं** | | ○ नयाँ व्यक्तिलाई पार्टीमा आवद्ध र आकर्षण गर्न २०८० साउनदेखि २०८१ असारसम्म अभियान संचालन गरी एक वर्षमा ५ देखि ७ लाख पार्टी सदस्य बनाउने। |
| | **पार्टीका उत्कृष्ट गतिविधि गर्ने प्रत्येक तहको एक समितिलाई प्रशंसा र सम्मान** | | ○ पार्टीका गतिविधि संचालन, सदस्यता अभियान, वैठक, सम्मेलन,सामाजिक अभियान लगायतका विषयमा गरेको कार्य विवरण मूल्याङ्कनका आधारमा एक वडा कार्यसमिति, एक पालिका कार्यसमिति, एक प्रदेशसभा र एक प्रतिनिधिसभा क्षेत्रीय कार्य समिति र एक जिल्ला कार्य समितिलाई पार्टीले पार्टी स्थापना दिवस वा महासमिति बैठक वा कुनै केन्द्रीय कार्यक्रममा प्रसंशा पत्र प्रदान गर्नेछ। |
| | **क्यालेण्डर कार्यान्वयन** | | ○ यस कार्यक्रम क्यालेण्डरमा उल्लेखित अभियान र कार्यक्रमहरू विषय र सन्दर्भ अनुसार पार्टीको मातहतका समिति, विभाग, भ्रातृ संघ तथा शुभेच्छुक संस्थाहरूको संयोजनमा संचालन गरिनेछ । |

| | | | |
|---|---|---|---|
| | | | ○ प्रत्येक कार्यक्रमका लागि केन्द्रीय समितिबाट संयोजनका लागि फोकल पर्सन रहनेछ।<br>○ केन्द्रीय कार्यालयले व्यवस्थापकीय संयोजन गर्नेछ । |
| | **अन्य मातहतका समितिको वैठक सम्मेलन र कार्ययोजना** | विधानत: जिल्ला र क्षेत्रमा प्रत्येक महिना बैठक, २ महिनामा १ पटक सदस्यहरूसँग अन्तरक्रिया, वर्षमा १ पटक सम्मेलन, समय समयमा कार्यसम्पादन बैठक बस्नुपर्छ ।<br>गाउँ र नगरमा प्रत्येक महिना बैठक, ६ महिनामा क्रियाशील भेला र अन्तर्क्रिया, प्रत्येक वर्ष गाउँ-नगर सम्मेलन, समय समयमा कार्यसम्पादन बैठक बस्नुपर्छ । वडामा प्रत्येक महिना बैठक र ६ महिनामा वडा सम्मेलन गर्नुपर्छ ।<br>विधान बमोजिम गर्नुपर्ने वैठक, सम्मेलन र कार्यक्रमका सन्दर्भमा केन्द्रीय कार्यसमितिको तर्फबाट वडा कार्यसमितिदेखि प्रदेश कार्य समितिसम्मलाई विस्तृत कार्ययोजना सहितको सर्कुलर पठाइसकिएको छ । | ○ भदौ भित्र सवै सम्मेलनहरू गरी पार्टीलाई आगामी एक वर्षको कार्ययोजना सहितको प्रतिवेदन मातहतका सवै तहका समितिले केन्द्रीय कार्यालयमा पठाउनुपर्नेछ।<br>○ यस कार्यतालिकामा आधारित भएर प्रत्येक तह र समितिले स्थानीय आवश्यकता अनुसारका प्रभावकारी कार्यक्रमहरू तह गरी आ-आफ्नो कार्यतालिका बनाउने छन ।<br>○ पार्टीको अभियानका क्रममा केन्द्रबाट जाने प्रतिनिधिले वैठक, सदस्यता, सम्मेलन र अन्य गतिविधि तथा कार्ययोजनाको विवरण संकलन गरी सो अनुरुप भइ नभएको हेरी नभएको भए तय गर्न समन्वय र सहजीकरण गरी विवरण सहितको प्रतिवेदन ल्याउनेछन ।<br>○ मातहतका कार्यसमितिले कार्ययोजना वनाउँदा सामाजिक अभियान, जागरण कार्यक्रम, सदस्यता अभियान लगायतका विषय समेटेर बनाउने छन ।<br>○ मातहतका समिति र भ्रातृ तथा सुभेच्छुक संस्थाले भदौ मसान्तभित्र आफ्नो कार्ययोजना केन्द्रीय कार्यालयमा पेश गर्नुपर्नेछ । |